## प्रस्तावहरू:

१. समीक्षा
२. आइसोलेसन सेन्टर स्थापना तथा सञ्चालन
३. संक्रमित व्यक्तिहरूको निगरानी सम्बन्धमा
४. स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउने सम्बन्धमा
५. कोभिड-१९ परीक्षणको सूचना समयमै उपलब्ध गराउने सम्बन्धमा
६. पी सी आर ल्याब दिगो रूपमा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा
७. सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्ड सम्बन्धमा
८. बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धमा
९. पसलहरूमा अनिवार्य रूपमा मापदण्ड पालनाका लागि व्यवसायीहरूलाई अनुरोध गर्ने सम्बन्धमा
१०. आदेश जारी गर्ने सम्बन्धमा

## निर्णयहरू

**१. समीक्षाः २०७७।०७।०२ देखि ०७७।०७।२२ सम्म नुवाकोट जिल्लामा कोभिड-१९ सम्बन्धी अवस्था देहाय बमोजिम रहेको पाइयो ।**

- यस अवधिमा १२ वटा स्थानीय तहमा Contact Tracing तथा जोखिमयुक्त व्यक्ति समूहहरू तथा क्वारेन्टीनमा बसेका व्यक्तिहरू समेत गरी १०३३ जनाको पी सी आर परीक्षण गरिएको।
- नुवाकोट जिल्लामा संक्रमित व्यक्ति संख्या २०७७।७।१ सम्म २५३ जना रहेकोमा १६ दिनमा थप ३६५ वृद्धि भई ६१८ जना पुगेको। संक्रमण फैलने दर वृद्धि हुँदै गएको तथा समुदायका प्राय सबै क्षेत्र र वर्गमा कोभिड-१९ फैलिरहेको। अधिकांश संक्रमित व्यक्तिहरू होम आइसोलेसनमा बसिरहेको। हाल ३४० जना होम आइसोलेसनमा बसिरहेका। शिवपुरी गाउँपालिकामा मिति २०७७।०७।०१ गते १ जना कोभिड-१९ संक्रमित व्यक्तिको दुःखद निधन भएको।
- जिल्ला भित्र सक्रीय संक्रमित व्यक्ति संख्या ३२८ रहेको । अधिकांश स्थानीय तहमा COVID १९ का सक्रीय संक्रमित व्यक्ति रहेका।
- त्रिशूली अस्पतालमा PCR प्रयोगशाला स्थापना भई सञ्चालनमा ल्याइएको २०७७।०७।२१ सम्म ९५५ जनाको पी सी आर परीक्षण गरिएको ।
- आइसोलेसन वार्डमा ४६ वेड हाल सञ्चालनमा रहेको । ४५ वेडको आइसोलेसन सेन्टर सञ्चालनमा रहेको।
- त्रिशूली अस्पतालको नयाँ भवनबाट अस्पतालका विशेषज्ञ, आकस्मिक, लगायत सवै निदानात्मक लगायत सबै नियमित सेवा प्रदान गरिएको । हालको Prefab भवनमा आइसोलेसन वार्ड सञ्चालनको लागि तयारी भइरहेको।

- समुदाय तथा सार्वजनिक स्थानमा जनस्वास्थ्य मापदण्डको पालना आंशिक मात्र भएको, जोखिमयुक्त आवत जावतका कार्यहरू भइरहेको र संक्रमित व्यक्तिको संख्यामा दिनानुदिन अत्यधिक वृद्दि भइरहेको सन्दर्भमा जनस्वास्थ्यका मापदण्डहरूलाई पालन गर्न गराउन नसकिएमा आगामी दिनमा कोभिड-१९ को संक्रमण यसबाट नागरिकको स्वास्थ्यमा तत्कालीन र दिर्घकालीन जटिलता आउने प्रबल संभावना देखिएको ।
- RT PCR परीक्षणका लागि Reagent Kit पर्याप्त रहेको तर सोको Extraction Kit किट भने तत्काल खरिद गरी व्यवस्था गर्नु पर्ने अवस्था रहेको ।

**२. आइसोलेसन सेन्टर स्थापना तथा सञ्चालन**

जिल्लाका सबै स्थानीय तहहरूलाई प्राविधिक सहित अस्थायी अस्पताल (आइसोलेसन सेन्टर) स्थापना कार्यलाई प्राथमिकता दिन अनुरोध गर्ने ।

**३. संक्रमित व्यक्तिहरूको निगरानी सम्बन्धमा**

क) घरबेटी, घरपरिवार तथा छरछिमेकीले कोभिड-१९ संक्रमित व्यक्तिलाई होम आइसोलेसनमा बस्न सहयोग तथा निगरानी गर्न सबै स्थानीय तहका वडामा रहेका कोभिड-१९ रोकथाम समूह (CPG) लाई थप क्रियाशील बनाउने।

ख) कोभिड संक्रमित व्यक्तिले घर परिवारका सदस्य तथा अन्य व्यक्तिसँग सम्पर्क गर्ने, सार्वजनिक कार्य (पसल, व्यापार, व्यवसाय) मा संलग्न हुने लगायत अन्य व्यक्तिलाई संक्रमणको जोखिम बढाउने कार्य नगर्न तथा त्यस्तो गरेको पाइएमा संक्रामक रोग ऐन अन्तर्गत कानूनी कारवाही हुने प्रावधानको विषयमा सबै स्थानीय तह मार्फत व्यक्ति, परिवार र समुदायस्तरमा प्रचार प्रसार गर्ने।

ग) कोभिड-१९ संक्रमित व्यक्तिलाई दूर्व्यवहार गरेमा, घर भाडामा बसेका व्यक्तिलाई घरबाट निकाल्ने जस्ता सामाजिक दूर्व्यवहार हुन नदिन र त्यस्तो कार्य गरेमा कानूनी कारवाही हुने प्रावधानलाई स्थानीय तहका कोभिड-१९ रोकथाम समूह (CPG) मार्फत व्यक्ति परिवार र समुदायस्तरमा प्रचार प्रसार गर्ने।

घ) सबै प्रकारका कार्यस्थलमा जनस्वास्थ्यका मापदण्डलाई पालना गर्ने गराउने कार्यलाई अनिवार्य तथा प्राथमिकताका साथ सवै स्थानीय तह, सबै नागरिक संस्थाले कडाइका साथ कार्यान्वयन गर्ने। यस कार्यमा सम्बद्ध सुरक्षा निकाय स्थानीय तह र सुरक्षा निकायबाट अनुगमन गर्ने ।

**४. स्वास्थ्य सुरक्षा मापदण्ड पालना गराउने सम्बन्धमा**

आ-आफ्नो पालिकामा होटल, पसल, उद्योग, व्यवसाय, निर्माण लगायतका कार्य गर्दा स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना भएको नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले संयन्त्र बनाई अनुगमन गर्ने ।

**५. कोभिड-१९ परीक्षणको सूचना समयमै उपलब्ध गराउने सम्बन्धमा**

त्रिशूली अस्पताल नुवाकोटमा स्थापना गरिएको RT- PCR ल्याबमा गरिने परीक्षणको नतिजा सहित सूचना व्यवस्थापनको कार्यलाई अझ बढी प्रभावकारी बनाउन र गरिएको परीक्षणको नतिजा तत्काल जानकारी गराउन सकिने व्यवस्था त्रिशूली अस्पताल र स्वास्थ्य कार्यालय वीच समन्वय गरी समयमै स्वास्थ्य कार्यालयबाट सूचना तथा जानकारी दिने व्यवस्था गर्ने।

६. **पी सी आर ल्याब दिगो रूपमा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा**

त्रिशूली अस्पताल नुवाकोटमा स्थापना गरिएको RT- PCR ल्याबलाई दिगो रूपमा सञ्चालन तथा व्यवस्थापनका लागि बजेट व्यवस्था गर्न जिल्लाका सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने ।

७. **सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्ड सम्बन्धमा**

मिति २०७७ कार्तिक २५ गते मंगलबारदेखि अर्को आदेश नभएसम्मका लागि नुवाकोट जिल्ला भित्रका सबै सरकारी, निजी तथा गैर सरकारी क्षेत्रले प्रदान गर्ने सेवामध्ये सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया र कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्ड अनुरूप अति आवश्यक सेवा मात्र प्रदान गर्न र तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रूपमा पालना गर्न सम्बद्ध सबै कार्यालयहरूलाई निर्देशन दिने ।

### सेवा सञ्चालन तथा व्यवस्थापन प्रक्रिया

- सरकारी तथा सार्वजनिक निकायले प्रवाह गर्ने सेवाको प्रकार सोसँग सम्बन्धित सम्पर्क व्यक्तिको सम्पर्क विवरण सार्वजनिक गर्ने
- सेवाग्राहीले सम्पर्क व्यक्तिसँग सम्पर्क गरी आफूले लिन चाहेको सेवा, प्रक्रियाका बारेमा जानकारी लिन सक्ने व्यवस्था मिलाउने,
- सेवाग्राहीले दिनुपर्ने आवेदन र सोसँग सम्बन्धित कागजातहरू यथासम्भव विद्युतीय माध्यमबाट समेत कार्यालयमा पठाई प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने ।
- सम्पर्क व्यक्तिले तोकिए अनुसारको कोटा बमोजिम सेवा प्रवाहका लागि टेलिफोनबाटै टोकन दिने। टोकन दिँदा कार्यालयमा सेवाग्राही कार्यालयमा उपस्थित हुनुपर्ने समय समेत जानकारी गराउने। प्रवाह गरिने सेवाको क्षेत्र र कोटा सम्बन्धित कार्यालयले उपलब्ध जनशक्ति समेतका आधारमा निर्धारण गर्ने ।

### कार्यालय सञ्चालन, व्यवस्थापन र सेवा प्रवाहका सामान्य मापदण्ड

- बिरामी, नाबालक, जेष्ठ नागरिक, अशक्त, गर्भवती, सुत्केरी महिला लगायतका कोभिड-१९ संक्रमणको उच्च जोखिम समूहका नागरिकहरूलाई भीडभाड हुने सेवा प्रवाह स्थलमा प्रवेश नगराई सम्भव भएसम्म वैकल्पिक माध्यमबाट सेवा प्रवाह गर्ने ।
- स्वास्थ्य सुरक्षाका आधारभूत व्यवस्थाहरूः कार्यालयको मुख्य प्रवेशद्वारमा नै ज्वरो नाप्ने उपकरण (Thermal Gun), सेनीटाईजर, हातधुने व्यवस्था र सेवाग्राहीबाट मास्कको अनिवार्य प्रयोगको प्रभावकारी कार्यान्वयन ।

- कार्यालयभित्र अत्यावश्यक बाहेक सेवाग्राहीको पहुँच सीमित गर्ने प्रणाली र संरचनागत व्यवस्था मिलाउने ।
- अति आवश्यक विषयमा मात्र बैठकहरू छोटो समयमा सम्पन्न गर्ने र सहभागीहरूबीच न्यूनतम ६ फीट दूरी कायम हुने व्यवस्था मिलाउने ।
- कार्यालयभित्र कर्मचारीहरू तथा सेवाग्राहीहरूको बीचमा सामाजिक दूरीको मान्यतालाई कडाईका साथ कार्यान्वयन गर्ने ।
- सेवाग्राहीहरूसँग निरन्तर सम्पर्कमा रहने कर्मचारीहरूमध्येबाट नमूना परीक्षण गरी संक्रमणको सम्भावनालाई निरन्तर अनुगमन गर्ने ।
- अत्यन्त भीडभाड र सेवा प्रवाहमा खटिने निजामती कर्मचारी र सवारी व्यवस्थापनमा खटिएका प्रहरी कर्मचारीहरूको लागि PPE जस्तै तुलनात्मक रूपमा सुरक्षित प्रकारको Outer को व्यवस्था गर्ने ।

**८. बैंक तथा वित्तीय संस्था सञ्चालन सम्बन्धमा**

बढ्दो संक्रमणलाई मध्यनजर गर्दै अति आवश्यक बैकिङ तथा वित्तीय सेवा प्रदान गर्नका लागि सम्बद्ध बैंकले सम्पर्क व्यक्ति तोक्न लगाई सम्पर्क व्यक्तिसँग सेवाग्राहीले सम्पर्क गरी टोकन लिई स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गरी गराई आवश्यक सेवा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन जिल्लाका सबै बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिने ।

**९. पसलहरूमा अनिवार्य रूपमा मापदण्ड पालनाका लागि व्यवसायीहरूलाई अनुरोध गर्ने सम्बन्धमाः**

पसलहरूमा मानिसहरूको बढी भीडभाड तथा जमघट हुन नदिनका लागि पर्याप्त दूरी कायम गरी चिन्हान्कन (Marking) गरी सोही स्थानमा मात्र ग्राहक वस्ने व्यवस्था मिलाई विक्री वितरण गर्ने, सेवा प्रदायक र ग्राहकले अनिवार्य रूपमा मास्क लगाउने, स्यानिटाइजरको प्रयोग गर्ने जस्ता सुरक्षाका उपायहरू अवलम्बन गर्न नुवाकोट उद्योग वाणिज्य संघ तथा नुवाकोट चेम्बर अफ कमर्श मार्फत सबै व्यवसायीमा अनुरोध गर्ने ।

१०.कोभिड -१९ को Pcr परीक्षणको लागि स्वाब संकलन पुर्व निजहरूको नतिजा प्राप्त नभए सम्म अनिवार्य क्वारेन्टाइनमा बस्न परामर्स गरी कबुलियतनामा गराउने ।

११.जिल्लामा कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रण गर्न जिल्लाभर लागू हुने गरी देहाय बमोजिम आदेश जारी गर्ने ।

## कोभिड-१९ को संक्रमण रोकथाम तथा नियन्त्रणका लागि नुवाकोट जिल्लाका प्रमुख जिल्ला अधिकारी झंकनाथ ढकालबाट जिल्लाभर लागू हुने गरी जारी गरिएको आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोभिड-१९ को संक्रमण नुवाकोट जिल्लामा पहिलो पटक २०७७ जेष्ठ महिनामा देखिएकोमा हाल कोभिड-१९ को संक्रमित व्यक्तिको संख्या यस जिल्लामा ६१८ पुग्नुका साथै १ जनाको दुःखद निधन समेत भइसकेको छ ।सर्वसाधारण नागरिक एवं स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, व्यवसायी, सञ्चारकर्मी, जनप्रतिनिधि लगायत सबै क्षेत्रका व्यक्तिमा कोभिड-१९ संक्रमण देखिएको र समुदायस्तरमा फैलिरहेको छ ।

पछिल्लो अवधिमा लकडाउन खुकुलो भएपश्चात र सार्वजनिक यातायात सुचारु भएको अवस्थामा जनस्वास्थ्यका मापदण्डको पूर्णपालना नहुँदा तथा पर्याप्त सतर्कता नअपनाउँदा नुवाकोट जिल्लामा पनि कोभिड-१९ को संक्रमण फैलिने दर तीव्र हुँदै गएको छ। हाल नुवाकोट जिल्लाका अधिकांश स्थानीय तहमा सक्रीय संक्रमित व्यक्ति रहेका छन् ।

दिपावली, नेपाल सम्वत र छठ लगायतका नेपालीहरूको चाडवाड नजिक आउँदै गरेको तथा कोभिड-१९ संक्रमणको जोखिम बढिरहेको विषम परिस्थितिमा विगतका वर्षहरू झैं चाडपर्वहरू मनाउन बाहिरबाट नुवाकोट जिल्लाभित्र आउने क्रम बढिरहेको अवस्थामा समुदायका सबै घर, कार्यालय, व्यवसायिक स्थल लगायत सवै सार्वजनिक स्थानमा जनस्वास्थ्यका मापदण्डहरू पालना नभएमा कोभिड-१९ को प्रकोप नियन्त्रण बाहिर जानसक्ने प्रबल सम्भावना रहेको छ।

काठमाडौंस्थित विशिष्ट सेवा प्रदायक अस्पतालहरू समेत संक्रमित बिरामीहरूले भरिभराउ भइसकेको र आइ.सी.यू तथा भेन्टिलेटर सेवा पर्याप्त नभएको तथा कोभिड-१९ संक्रमणले सृजना भएको जटिल परिस्थितिलाई समेत मध्यनजर गर्दै नुवाकोट जिल्लालाई कोभिड-१९ को सम्भावित उच्च जोखिमबाट जोगाउन २०७७ साल कार्तिक २५ गते राती १२.०० बजेदेखि अर्को आदेश नभएसम्मका लागि नुवाकोट जिल्लाभर लागू हुने गरी नेपाल सरकार मन्त्रिपरिषदको निर्णय, स्थानीय प्रशासन ऐन २०२८ को दफा ६(३) र संक्रामक रोग ऐन २०२० को दफा २ बमोजिमको अधिकार प्रयोग गरी देहाय अनुरूप गर्न गराउन यो आदेश जारी गरिएको छ। यो आदेशको बर्खिलाप भए गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

<u>निषेध गरिएका गतिविधिहरूः</u>

(क) सार्वजनिक खेलकूद, नाच, मेला,देउसी,भैलो तथा भीडभाड हुने कार्यक्रमको आयोजना तथा सञ्चालन,

(ख) जात्रा, महोत्सव, भोजभतेर र हाटबजार, मानिसहरू भेला हुन, सभा, जुलुश वा प्रर्दशन जस्ता कार्य गर्न गराउन,

(ग) मन्दिर, गुम्बा, चैत्य, बिहार, मस्जिद, चर्च आदिमा सामूहिक भेला हुन, सामूहिक रूपमा आश्रय लिई बस्न तथा सामूहिक भेला हुने खालका कुनै किसिमका मेला, जात्रा, पर्व, समारोह हुन गर्न। कुनै प्रकारका भेला, सम्मेलन तथा जमघटका कार्यक्रम गर्न गराउन।

(घ) सबै प्रकारका भेला, सम्मेलन, धार्मिक, सांस्कृतिक, सामाजिक (विवाह, व्रतवन्ध) गतिविधिहरू गर्नका लागि हुने जमघटहरू गर्न गराउन,

(ङ) सबै प्रकारका सभा, गोष्ठी, तालिम, सेमिनार, मापदण्ड र प्रोटोकल विपरितका कार्यहरू,

(च) रङ्गशाला, खेलकुदस्थल, फुटसल, शारीरिक सुगठन गर्ने स्थल तथा जिमखाना, फिटनेस सेन्टर, सैलुन तथा ब्युटिपार्लरहरू सञ्चालन गर्न,

(छ) मिति २०७७ कार्तिक २५ गते मंगलबारबाट जिल्ला भित्रका सरकारी, निजी तथा गैरसरकारी क्षेत्रले आफ्नो आफ्नो निकायबाट प्रदान गरिने अति आवश्यक सेवा सञ्चालन तथा व्यवस्थापन गर्न

निर्धारित प्रक्रिया, समय र मापदण्ड अनुरूप तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्ण रूपमा पालना गराई सेवा प्रदान गर्ने बाहेकका कार्यहरू,

(ज) विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना तथा विद्यार्थी सिकाई सहजीकरण निर्देशिका, २०७७ विपरित गर्न

(झ) नेपाल सरकारले तोकेको मापदण्ड विपरित बढी भीडभाड हुने गरी व्यापार, व्यवसाय, निर्माण कार्य गर्न र श्रमिकहरूको ओसारपसार तथा प्रयोग गर्न,

(ञ) तोकिएको स्वास्थ्य सुरक्षा मापदण्ड पालना नगरी नगराई सवारी साधन प्रयोग तथा सञ्चालन गर्न,